COLORADO
State Board of Education

201 East Colfax Avenue
Denver, CO 80203-1799

**Angelika Schroeder**
Chairwoman
2nd Congressional District

**Steve Durham**
Vice-Chairman
5th Congressional District

**Val Flores**
1st Congressional District

**Jane Goff**
7th Congressional District

**Rebecca McClellan**
6th Congressional District

**Joyce Rankin**
3rd Congressional District

**Debora Scheffel**
4th Congressional District

# अनुवादका लागि **Aurora** केन्द्रीय हाइस्कुल मेमो

नोभेम्बर कोलोराडो राज्य शिक्षा बोर्डको बैठकमा आगामी जवाफदेही सुनुवाईका लागि लिखित सार्वजनिक टिप्पणी अवधिको सूचना

कोलोराडो राज्य शिक्षा बोर्डले Aurora केन्द्रीय हाइस्कुलका लागि राज्य शिक्षा बोर्डसँग हुने आगामी जवाफदेही सुनुवाईलाई लिएर परिवार, स्कुलका कर्मचारी र समुदायका सदस्यहरूबाट योगदान खोजिरहेको छ । समाजका सदस्यहरूले निम्न कुराहरू गर्न सक्नेछन्:

- विगतमा आदेश दिइएका कार्यहरूको कार्यान्वयनमा टिप्पणी गर्न (2017 को ग्रीष्म ऋतुबाट स्कुल के कति परिवर्तन भएको छ) र
- थप बोर्ड-निर्देशित कार्यहरूसँग सम्बन्धित इनपुट प्रदान गर्ने (अगाडि बढ्नका लागि के गर्नुपर्छ भन्ने बारे)।

2017 मा जवाफदेही प्रक्रियाको अंगको रुपमा राज्य शिक्षा बोर्डले Aurora सार्वजनिक स्कुलहरूलाई आफ्नो 2016 को नवीन योजना कार्यान्वयन गर्नको लागि बाह्य व्यवस्थापन साझेदारको(MassInsight) सहायतामा निर्देशित गरेको थियो ।

जवाफदेही क्लक प्रक्रियामा थप जानकारीका लागि कृपया यहाँ जानुहोस्: CDE जवाफदेहीता क्लक तथ्य पाना CDE Accountability Clock Fact Sheet.

यी स्कुलहरूका लागि 2017 मा बुझाइएको योजना लगायतका विगतका जवाफदेही सुनुवाईहरूको बारेमा जानकारीका लागि कृपया यहाँ जानुहोस् राज्य बोर्ड जवाफदेही कार्यहरूको वेबपेज State Board Accountability Actions webpage.

निम्नमध्ये कुनै पनि तरिकाले टिप्पणी बुझाउन सकिनेछ

- एउटा छोटो अनलाईन सर्वेक्षण short online survey पूरा गरेर।
- यहाँ ईमेल पठाएर state.board@cde.state.co.us.
- राज्य शिक्षा बोर्डको कार्यलयमालाई लिखित पत्र बुझाएर: State Board Office, 201 E. Colfax, Room 500, Denver, CO 80203.

**सबै लिखित टिप्पणीहरूका लागि अन्तिम म्याद सोमबार, नोभेम्बर ११, २०१९ को दिउँसो १२ बजेसम्म रहनेछ ।** टिप्पणीहरूलाई राज्य शिक्षा बोर्डको कार्यालयले संकलन गर्नेछ र सबै बोर्ड सदस्यहरूलाई पठाउनेछ । सबै पेशीहरू सुनुवाईका लागि औपचारिक रेकर्डको अंग बन्नेछन् र सार्वजनिक रुपमा पोष्ट गरिनेछ । समयले साथ दिएसम्म अंग्रेजी बाहेक अन्य भाषामा बुझाइएका टिप्पणीहरूलाई अंग्रेजीमा अनुवाद गरिनेछ। म्याद नाघिसकेपछि आएका टिप्पणीहरूलाई रेकर्डमा समावेश गरिनेछैन अथवा राज्य बोर्डलाई फरवार्ड गरिनेछैन ।